निश्चय नै अल्लाह आफ्नो सेवकबाट तब खुशी हुनुहुन्छ जब ऊ खाना खान्छ र त्यसमा उहाँको प्रशंसा गर्छ, वा जब ऊ कुनै पेय पिउँछ र त्यसमा उहाँको प्रशंसा गर्छ।

अनस बिन् मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभएको छ : " निश्चय नै अल्लाह आफ्नो सेवकबाट तब खुशी हुनुहुन्छ जब ऊ
खाना खान्छ र त्यसमा उहाँको प्रशंसा गर्छ, वा जब ऊ कुनै पेय पिउँछ र त्यसमा उहाँको प्रशंसा गर्छ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले यो स्पष्ट पार्नु भएको छ कि अल्लाहको सेवकले आफ्नो परमेश्वरको अनुग्रह र बरकतहरूको लागि प्रशंसा गर्नु, ती कुराहरू मध्ये एक हो जसबाट अल्लाहको प्रशन्नता प्राप्त हुन्छ। तसर्थ, सेवकले खाना खादा: ‘अल्हम्दुलिल्लाह ' (सबै प्रशंसा अल्लाहको लागि हो), वा पानी पिउदा ‘अल्हम्दुलिल्लाह’ भन्नु यी मध्ये हुन्।

https://sunnah.global/hadeeth/ne/show/5798